# मोहन्याल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :- ९ संख्या :- १ मितिः- २०८२।०३।०८

## भाग- १

**उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन ऐन, २०८२**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ सभाले यो ऐन तर्जुमा गरी जारी गरेकोछ ।**

संवत् २०८२ सालको ऐन नं. १
मोहन्याल गाउँपालिका उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन ऐन, २०८२

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

# उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन ऐन, २०८२

**प्रस्तावना:**

मोहन्याल गाउँपालिकालाई महिला मैत्री गाउँपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्यूनीकरण गरी उनीहरुलाई आर्थिक रुपमा **सबल** र सक्षम बनाउन महिलाहरुको क्षमता अभिवृद्धि **उद्यमशीलताको** विकास सुरक्षाको प्रत्याभूति महिला भेदभाव उन्मुलन गर्न **वाञ्छनीय** भएकोले स्थानीय सरकार **सञ्चालन** ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मोहन्याल गाउँपालिका गाउँ सभाबाट यो ऐन जारी गरिएको छ।

## परिच्छेद-१

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:**

क) यस ऐनको नाम "उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन ऐन, २०८२" रहेको छ।

ख) यो ऐन मोहन्याल गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भए**को** मितिदेखि **लागू** हुनेछ।

**२. परिभाषा:**

विषय वा **प्रसङ्गले** अर्को अर्थ नलागेमा

**क**) "कार्यक्रम" भन्नाले महिलासँग उपाध्यक्ष कार्यक्रम सम्झनु पर्छ।

ख) "कार्यपालिका" भन्नाले मोहन्याल गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

ग) "गाउँ सभा" भन्नाले मोहन्याल गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

घ) "अध्यक्ष" भन्नाले मोहन्याल गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ।

ङ) "उपाध्यक्ष" भन्नाले मोहन्याल गाउँपालिकाका] उपाध्यक्षलाई सम्झनु पर्छ।

च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

छ) "ऐन" भन्नाले उपाध्यक्षसँग महिला कार्यक्रम संचालन ऐन**,** २०८२ लाई सम्झनु पर्छ।

**३. ऐनको उद्देश्य:**

१. मोहन्याल गाउँपालिकालाई महिला मैत्री गाउँपालिका बनाउने,

२. लैङ्गिक हिंसालाई न्यूनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने,

३. महिलाहरुको क्षमता अभिवृद्धि गराउँदै आर्थिक रुपमा सबल र सक्षम बनाउन उद्यमशीलताको विकास गराउने,

४. महिलाहरुको वृत्ति विकास गरी उनीहरुको जीवनमा सकारात्मक परिर्वतन ल्याउने।



CS CamScanner

**४. ऐन को क्षेत्र**: कार्यक्रमको उद्देश्य पुरा गर्न यस ऐनले निम्न बमोजिमका आधारभुत क्षेत्र तोकिएका छन्:

(क) चेलीबेटी तथा मानव बेचविखन विरुद्धको सचेतना अभियान सम्वन्धी कार्यक्रम

(ख) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम

(ग) दाइजो विरुद्धको सचेतना कार्यक्रम।

(घ) एकल महिलाको सम्पत्तिमा अधिकार कार्यक्रम।

(ङ) लागू औषध नियन्त्रण कार्यक्रम।

(च) स्वास्थ्य पारिवारिक शिक्षा कार्यक्रम।

(छ) कानूनी सचेतना कार्यक्रम।

(ज) विवाहित महिलाको नागरिकता, नाबालकको जन्मदर्ता सम्वन्धी अधिकार कार्यक्रम।

(झ महिला सशक्तिकरणका लागि विभिन्न सचेतनामूलक तालिम कार्यक्रम।

(ञ) महिलाको आर्थिक आय आर्जनसँग प्रत्यक्ष सहयोग पुर्‍याउने र उद्यमशीलताको विकास गर्ने सीपमूलक तालिम कार्यक्रम।

## परिच्छेद-२

**५. सञ्चालक समिति गठन सम्वन्धी व्यवस्था:**

(१) कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछ।

(क) उपाध्यक्ष -संयोजक

(ख) अध्यक्षले मनोनित गरेका गाउँ सभाका ३ जना महिला सदस्य -सदस्य

(ग) संयोजकले मनोनित गरेको गाउँ सभाका एकजना महिला सदस्य -सदस्य

(घ) महिला बालबालिका शाखा प्रमुख -सदस्य सचिब

(२) आवश्यकता अनुसार कार्यालयका कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ

(३) सञ्चालक समितिमा रहने ३ जना महिला सदस्यहरुको कार्यकाल १ वर्षको हुनेछ। कार्यकाल समाप्त भएपछि गाउसभाका महिला सदस्यहरु मध्येबाट ३ जना सदस्यलाई अध्यक्षले मनोनित गर्नेछन्।

**६. सञ्चालक समितीको कार्य जिम्मेवारी:**

(क) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) सीप विकास÷महिला उद्यमशीलता कार्यक्रमहरु सञ्चालन, नियमन तथा अनुगमन गर्ने,

(ग) कार्यक्रमको उद्देश्य अनुरुप काम गर्ने,

(घ) वडास्तरबाट उद्यमशीलता रोजगारी तथा सशक्तीकरण अभिवृद्धि गर्न सीप तथा क्षमत अभिवृद्धि सम्बन्धी तालिमको लागत संकलन गर्ने,

**७. महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत् गरिने कार्यक्रम:**



CamScanner

(क) व्यवसायिक महिला र घरेलु कामहरुलाई लक्षित उद्यमशीलता, रोजगारमूलक, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम
(ख) स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरका कृषिजन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु
(ग) मोहन्याल गाउँपालिकाका क्षेत्र भित्रका महिला लक्षित कार्यक्रमहरु

## परिच्छेद-३

**८. कार्यक्रम छनोट तथा कार्यान्वयन:**

(क) महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालक समितीले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(ख) महिला सशक्तीकरण कार्यक्रम समिति आफैँ तथा सीप विकसको क्षेत्रमा कार्यरत सङ्घ सस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(ग) वडास्तरबाट कार्यक्रम माग भई आएमा सञ्चालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडी बढाउन स्वीकृती दिन सक्नेछ। कार्यक्रको प्रभवकारिताको अनुगमन महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालक समितिले गर्नेछ।

(घ) सञ्चालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृती गराएर महिला उद्यमशीलता लागि अनुदान तथा सहायता उपलब्ध गराउन सक्नेछ।

ङ) विपन्न र अति विपन्नका साथै एकल महिला, हिंसा पीडित, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित, शहीद परिवार, दलित, आदिवासी जनजाति र सीमान्तकृतलाई प्राथमिकता दिइनेछ।

**९. बैठक सम्वन्धी ब्यवस्था:** समितिको वैठक कम्तीमा ३ महिनाको एक पटक बस्ने छ।

तर आवश्यक परेमा संयोजकको निर्देशनमा जुनसुकै बेला वैठक आह्वान गर्न बाधा पर्ने छैन।

**१०. कोष सम्वन्धी ब्यवस्था:**

(क) कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्थापन गाउँ सभाले गर्नेछ।

(ख) महिलासँग उपाध्यक्ष कार्यक्रम शीर्षकमा गाउँ सभाबाट विनियोजित रकममध्येबाट सञ्चालक समितिको निर्णयानुसार ऐन बमोजिम विभिन्न कार्यक्रमहरु सञ्चालन हुनेछन्।

**११. ब्याख्या गर्ने अधिकार:** ऐनको उल्लेखित दफाहरुको कार्यान्वयन सम्बन्धमा कुनै दुविधा परेमा अन्तिम ब्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

**१३. संशोधन सम्वन्धी ब्यवस्था:** आवश्यकता अनुसार यो ऐनको कुनै व्यवस्था संशोधन गर्नु परेमा गाउँसभाले गर्ने छ।



CamScanner

**१४. वाधा अडकउ सम्वन्धी:** यस ऐनको कार्यान्वयमा कुनै बाधा उत्पन्न भएमा गाउँ सभाले बाधा अड्चन फुकाउन सक्नेछ।

**१५. बचाउ तथा खारेजी**: यो ऐनमा कुनै पनि ऐन कानून तथा नियमसँग बाझिएमा बाझिएको हदसम्म अमान्य वा खारेजी हुनेछ।

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner